Rupantaran: A Multidisciplinary Journal
Vol. X: PP 101-112, May, 2026
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v10i01.94573
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# 'परालको आगो' कथामा पितृसत्ता

**भोलानाथ ओझा**[1]
Email : *bholaojha25@gmail.com*

## सार

प्रस्तुत आलेख 'परालको आगो' कथामा चित्रित रहेको पितृसत्ताको विश्लेषणमा केन्द्रित रहेको छ। 'परालको आगो' कथा नेपाली समाजमा रहेका पारिवारिक र सामाजिक गतिविधि र त्यसको केन्द्रमा रहेको पुरुष शक्तिमा आधारित सामाजिक कथा हो। पितृसत्ता भनेको सामाजिक संस्था र गतिविधिमा पुरुषको मुख्य भूमिका भएको सामाजिक तथा सांस्कृतिक निर्मिति हो। 'परालको आगो' कथामा नेपाली समाजमा रहेको पितृसत्ता कसरी चित्रित भएको छ ? प्राज्ञिक समस्यामा आधारित यस लेखमा उक्त कथामा रहेको पितृसत्तामार्फत नेपाली समाजमा रहेको पितृसत्ता र यसको प्रभावको विश्लेषण गरिएको छ। मूलतः पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरेर तयार भएको यस लेखमा सामग्री विश्लेषणका लागि वर्णनात्मक विधि प्रयुक्त छ। कथामा चित्रित पितृसत्ताको विश्लेषण गर्दा यहाँ पुरुष वर्चस्व र महिला पराधीनता गरी  दुईओटा सूचकका आधारमा गरिएको छ। 'परालको आगो' कथामा रहेको चामे र गौँथली पात्रका गतिविधि व्यक्तिगत स्वभाव नभई पितृसत्तात्मक सामाजिक उत्पादनका रूपमा रहेका छन्। अतः यस कथामा पुरुषमा शक्ति र स्वामित्वका कारण पुरुषद्वारा महिलामाथि शोषण गरिएको, यस्तो लैङ्गिक वर्चस्वलाई सामाजिक स्वीकृति प्राप्त भएको र यसले महिलालाई पराधीन र नियन्त्रित बनाएको सामाजिक परिस्थितिको प्रतिबिम्बन देखापर्छ।

*शब्दकुञ्जी :* अग्राधिकार, पितृसत्ता, संरचनात्मक वर्चस्व, सामाजिक उत्पादन र स्वामित्वभाव

---

[1] लेखक वाग्मती विश्वविद्यालय, जनमैत्री क्याम्पस, काठमाडौंमा नेपाली विषयमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ।
ORCID: 0009-0009-7890-1283

## परिचय

'परालको आगो' कथा गुरुप्रसाद मैनालीद्वारा लिखित सामाजिक विषयमा आधारित रहेको कथा हो । नेपाली कथाका क्षेत्रमा सामाजिकताको नयाँ आयाम स्थापित गर्ने मैनालीले यस कथामा नेपाली समाजको संरचना र यसलाई परम्पराको रूपमा स्थापित गर्ने सामाजिक मान्यताको चित्रण गरेका छन् । नेपाली समाजको तत्कालीन सामाजिक परिवेशका आधारमा लेखिएको 'परालको आगो' कथामा पुरुष सत्ता र शक्तिसम्बन्धी हैकमको चित्रण गरिएको देखिन्छ । पितृसत्तापरक सोच र सामाजिक संरचनाका कारण नेपाली समाजका महिला वर्ग उत्पीडनमा परेको यथार्थ सत्यलाई 'परालको आगो' कथाले सफल रूपमा अभिव्यक्त गरेको देखिन्छ ।

पितृसत्ता भन्नाले समाजको सञ्चालनका लागि तय भएका नियम र यसको निमायक अनौपचारिक पुरुष संस्थालाई बुझाउँछ । सामाजिकका रूपमा रहेको सत्ता औपचारिक र निश्चित स्थानबाट नियन्त्रित भौतिक सत्ता र शक्तिको स्थूल रूप नभई समाजमा अधिकार जमाइरहेको परम्परा र मान्यताको मूर्त रूप हो । समाजमा रहेको सामाजिक संरचना र त्यसको सञ्चालनको अभिभारा पुरुषले लिने कार्य पितृसत्ताअन्तर्गत पर्दछन् । यसमा लैङ्गिक सामाजिक उत्तरदायित्व र शक्तिको अवधारणा मात्र नसमेटिई समाजमा भएका सबै प्रकारका पुरुष प्रभुत्व र यसको समर्थन तथा सामाजिक अधिकार र सुविधाको बाँडफाँटमा भएको पुरुष हैकम वा अग्राधिकार पनि पर्दछन् ।

'परालको आगो' कथामा नेपाली समाजको संरचना र यसमा रहेको सामाजिक तथा सांस्कृतिक गतिविधिको चित्रण भएको छ । यस कथालाई सामाजिक यथार्थवादी मान्यताका आधारमा यसअघि अध्ययन गरिए पनि पितृसत्ता र यसका कारण भएको अग्राधिकार र विभेदका विषयमा अध्ययन नभएको हुँदा यस लेखमा उक्त कथालाई पितृसत्ताका कोणबाट विश्लेषण गर्न लागिएको हो ।

## सैद्धान्तिक आधार

सत्ता भन्नाले शक्ति, सामथ्र्य वा अधिकार भन्ने अर्थ बुझिन्छ । लैङ्गिक शक्ति र अधिकारका  आधारमा सत्ता पितृसत्ता र मातृसत्ता गरी दुई प्रकारको हुन्छ । समाज विकासको इतिहासलाई हेर्ने हो भने सभ्यताको प्रारम्भमा समाज मातृसत्तामा आधारित रहेको पाइन्छ । प्राचीन कालमा महिलालाई देवी, लक्ष्मी, भगवतीका रूपमा मानिन्थ्यो । त्यसबेला मातृसत्तापरक सामाजिक संरचना थियो । "...घरमा प्रायः नारी पक्षको शासन चल्थ्यो, घरको भण्डार सामूहिक हुन्थ्यो, तर यदि कुनै अभागी लोग्ने अथवा प्रेमीले भण्डारमा आफूले जुटाउनु पर्ने हिस्सा पु¥याउन सकेन भने उसको दुर्गति हुन्थ्यो" (एङ्गेल्स, २०७५, पृ. ३४) । यसबाट समाजको विकासका प्रथम अवस्थामा महिलाको शक्ति र अधिकार भएका कारण मातृसत्ताको अस्तित्व रहेको स्पष्ट हुन्छ । मातृसत्तामा महिला प्रमुख भएर सत्ता चल्ने तथा शक्ति महिलामा नै हुने गर्दथ्यो

। समाज विकासको क्रmममा महिलालाई गर्भधारण, प्रजनन्, बच्चाको पालनपोषण, स्तनपानका कारणले घरभित्र सीमित गरिएपछि पितृसत्ताको अस्तित्व सबल हुन थालेको हो ।

पुरुष सिकार गर्न जाने अनि महिला र बच्चाका लागि सुरक्षा दिने शक्ति बन्न थालेपछि क्रमशः मातृसत्ताको पतन र पुरुष सत्ताको उदयकाल सुरु भएको मानिन्छ । महिला सत्ताबाहिर भएकाले पुरुषद्वारा शासित बन्नु र समाजमा पुरुष शासक बनेपछि उसको हैकम सुरु हुनु (ग्राम्सि, सन् १९७१, पृ. १४) ले पितृसत्ताको विकास र सुदृढ अवस्थाको झल्को दिन्छ । पितृसत्तामा समाजको संरचना पुरुषको रहेको हुनाले पुरुषले समाजका हरेक कुरामा अग्राधिकार राखेको पाइन्छ । यस्तो अग्राधिकार सर्वस्वीकार्य हुनेगरिका सामाजिक नियम र मान्यताको विकास गरिएको हुन्छ । समाज विकासको क्रममा पतिले घरको सम्पूर्ण शासन आफ्नो हातमा लिएपछि पत्नी दासी, वा वासना पूर्ति गर्ने साधन वा काम गर्ने यन्त्रका रूपमा प्रयोगमा ल्याइन थालेको एङ्गेल्सको भनाइ रहेको छ (एङ्गेल्स, २०७५, पृ. ४३) । समाजमा हुने सामाजिक गतिविधिमा रहेको अग्राधिकार र हैकमका अतिरिक्त आर्थिक हैसियत पनि पुरुषले निर्माण गर्ने तर महिलालाई यसबाट वञ्चित बनाइने हुँदा यसबाट शासक र शासित वर्गको जन्म भएको पाइन्छ । यसरी आर्थिक पक्षले शासक र शोषित वर्गको निर्माण गर्ने हुँदा पुरुष अधीन र महिला पराधीन बन्न पुगेका हुन् (लुकास, सन् २००५, पृ. ४३–४४) । यसरी श्रमशक्तिको शोषण र सम्पत्तिमाथिको पहुँचका कारण महिलालाई पराधीन अवस्थामा पु¥याइएको देखिन्छ । सामाजिक संस्था र अभ्यासका सबै प्रक्रियाहरूमा पुरुषको अधीनता र महिलामाथिको दमन र विभेद पितृसत्ताको मुख्य पक्ष हो (भट्टराई, २०६८, पृ. २६६) । यसभित्र प्रजननको अधिकारदेखि सामाजिक भूमिका र दायित्वसम्मका कार्यमा पुरुषलाई महत्व दिने र महिलालाई नियन्त्रण गर्ने कार्य पर्दछन् । पितृसत्ताका आधारमा नै समाजमा पुरुषको वर्चस्व र महिलाको नियन्त्रणका अवस्था निर्मित हुन्छ । पुरुषले सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा स्वामित्वको भाव देखाउँछ । यसका कारण ऊ समाजमा सर्वेसर्वा र शक्तिवान् बन्छ । यसलाई महिलाले पनि सामाजिक रूपमा स्वीकार गरेर समाज चलेको हुनाले पुरुषले महिलालाई जहिले पनि सहायक र तल्लो दर्जाको मानिससरह व्यवहार गर्दछ । यसैका कारण महिला पराधीन, पीडित र शोषित बन्न पुग्छन् । यहाँ पितृसत्ताका परिणामका रूपमा पुरुष वर्चस्व र महिला पराधीनतालाई सामग्री विश्लेषण गर्न प्रयोग गरिएको छ ।

## विधि र सामग्री

'परालको आगो' कथामा पितृसत्ता कसरी  चित्रित रहेको छ ? भन्ने समस्यामा आधारित रहेको यस लेखका मूलतः पुस्तकालीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसमा विश्लेषणका लागि गुरुप्रसाद मैनालीको नासो कथा सङ्ग्रहबाट 'परालको आगो' कथालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यो चयन स्वैच्छिक चयन हो । प्रस्तुत लेख तयार पार्न सैद्धान्तिक विषयका र विश्लेषणका

सहयोगी द्वित्तीयक सामग्री उपयोग गरिएको छ । गुणात्मक ढाँचामा रहेको यस लेखमा पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । यहाँ पितृसत्ताको विश्लेषण गर्दा पुरुष वर्चस्व र महिलाको स्वतन्त्रता गरी दुईओटा सूचकका आधारमा गरिएको छ ।

## परिणाम र छलफल

'परालको आगो' कथामा  तत्कालीन नेपाली समाजको यथार्थ चित्रण रहेको छ । यसमा सामाजिक रूपमा निर्मित भएका लैङ्गिक भूमिका र त्यसका आधारमा निर्मित लैङ्गिक परिस्थितिको पनि प्रतिबिम्बन भएको छ । यस कथामा रहेका पुरुष पात्रमा सामाजिक अधिकारको पूर्ण स्वामित्वभाव रहेको र यसको महिलाले पनि समर्थन गरेको देखिन्छ । यहाँ पितृसत्ता र यसबाट सिर्जित परिणामका आधारमा उक्त कथाको विश्लेषण गरिएको छ ।

### पुरुष वर्चस्व

नेपाली समाजमा पुरुषको स्थान उच्च रहेको छ । सामाजिक संरचनाका कारण सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक रूपमा पुरुषको स्थिति बलियो रहेको छ । पुरुष उच्च शक्तियुक्त भएकाले आफू शासक भएर महिलामाथि शासन गर्छ । 'परालको आगो' कथामा यही पुरुष शक्ति र यसका कारण उसमा सिर्जित भएको दम्भको चित्रण भएको छ । कथामा रहेको चामे पात्रको अहङ्कार र स्वास्नीमाथिको हैकम उसको व्यक्तिगत स्वभाव नभई पुरुषकेन्द्रित समाजको उपजका रूपमा रहेको देखिन्छ । यस कुरालाई तलको कथांशबाट स्पष्ट पारिएको छ :

> दर्कन– दर्कन लागेको बादलझैँ चामे पिँढीमा धुम्धुम्ती बसेर तमाखु खान लागेको थियो । गौँथली काखीमा गाग्रो च्यापेर आइपुगी । गौँथली ढोकाभित्र बस्न लागेकी थिई, "राँड, दिनभर जन्तिसँग आँखा झिम्क्याएर बसी, यतिबेला स्वाङ् पार्छे ।" भनेर एक लात हिर्कायो । गौँथली ढुन्मुनिदै संघारमा लडी । गाग्रो फुटेर ढोकामा पानी छताछुल्ल भयो । गौँथली खबटाहरू टिपेर आँगनतिर फ्याँक्न लागेकी थी । "मेरा घरमा एकछिन नबस, जहाँ जान्छेस् जा!" भनेर चामेले फेरि गौँथलीको चुल्ठो समाएर घिसार्दै आँगनमा पुर्यायो  (मैनाली, २०५७ , पृ. ४५) ।

माथिको उदाहरणमा मेलामा गएको लोग्ने घर आएर पिँढीमा बसेर तमाखु भरेर खान लागेको बेला गौँथली पानी लिएर आएको प्रसङ्गमा पुरुष सत्ताधारी र हैकमवादी चामेले गौँथलीलाई अपमानजन्य व्यवहार गरेको देखिन्छ । चामेले गौँथलीलाई 'राँड' भन्नुले महिलाले पुरुषसत्ताको गाली बेइज्जत सहनुपर्ने बाध्यतालाई देखाएको छ । चामे पुरुष भएकाले समाज, धर्म, संस्कृति, परम्परा, सामाजिक मूल्यमान्यताले उसलाई पूर्ण रूपमा संरक्षण गरेको देखिन्छ । सामाजिक मूल्य, मान्यता, संस्कार, रीतिरिवाजका कारणले गर्दा पुरुषले महिला हिंसा गर्छ (लर्वर, सन् २००५, पृ. २१८) । गालीगलौजमा मात्र चामे सीमित नहुनु,

गौँथलीलाई लछारपछार गर्नु र लात्तीले हिर्काउनुले समाजमा पुरुषले पुरुषार्थ देखाउन महिलामाथि हिंसा गरिरहेको कुरा स्पष्ट पार्छ । पितृसत्ताको वैचारिक जरो गाडिएको चामे एक प्रकारले शासक वर्ग हो भने उसको उत्पीडनमा परेकी महिला पात्र गौँथली शोषित पात्र हो । परम्परागत लैङ्गिक विभेदले पति र पत्नीबिचको सम्बन्धलाई अधीन र अधीनस्थता, दमक र दमित, उत्पीडक र उत्पीडितका तहमा पुर्याएको छ (भट्टराई,२०७७, पृ. १३९) । वर्चस्वका कारण अधिकारसम्पन्न व्यक्तिका रूपमा पुरुष समाजमा स्थापित भएको छ भने महिला पुरुषको वर्चस्वका कारण उसैको निगाहमा बाँच्न बाध्य देखिन्छ ।

चामेले गौँथलीलाई चुल्ठोमा समातेर आँगनसम्म पु¥याउनु र मेरो घरमा एकछिन पनि नबस भन्नुबाट पुरुषको निर्णयमा महिलाले घरमा बस्न पाउने वा नपाउने कुराको छिनोफानो हुने देखिन्छ । चामेले पटक पटक गौँथलीलाई दिएका शारीरिक र मानसिक यातनाले आफ्नै श्रीमान्बाट पनि महिला वर्ग सुरक्षित नभएको पाइन्छ । महिला र पुरुषबिचको विभेदपूर्ण असमानतामूलक जड सामाजिक तथा सांस्कृतिक पक्ष हो (भासिन, सन् २०००, पृ. १) । कथामा यी पात्रको स्वभावको पनि चर्चा रहेको छ तर यसको खास पक्ष चामे र गौँथलीको व्यक्तिगत स्वभाव र तत्कालको परिस्थिति हुँदै होइन । महिला विभेदित, तिरष्कृत र शोषित वातावरणमा पनि बाच्न बाध्य रहेको कुरा गौँथलीको जीवन भोगाइबाट खुलस्त हुन्छ, जस्तै –

"कोर सल्केको हात । बाबुआमा राँडाराँडीका आँखा फुटेर कसाईँका हातमा पुम्पे । यस्ता कङ्गाली मोराको जोइ भएर बस्नुभन्दा डुबेर मर्नु जाति (ऐ.ऐ. पृ. ४५) ।"

माथिको उदाहरणमा महिलालाई जीवनसाथी छान्न र स्वतन्त्र निर्णय गर्ने विषयमा बाबुआमा वा दाजुभाइको विशेष भूमिका रहेको कुरा स्पष्ट हुन्छ । बाबुआमाले छनोट गरेको व्यक्तिलाई सहर्ष रूपमा श्रीमान् स्विकार्नुपर्ने बाध्यता र त्यस बाध्यतामा चामेजस्तो हिंसक लोग्ने परेकोमा यहाँ गौँथलीले बाबुआमालाई गाली गरेकी छे । श्रीमान् असल वा कमसल जे जस्तोसुकै भए तापनि भगवानसमान मानेर श्रीमतीले घर गरी खानुपर्छ भन्ने मान्यता र यसैको परिणाम गौँथली हिंसाको शिकार बनेकी हो । महिलामाथि समाजले गरेको दमनबाट पितृसत्ता झन् बलियो बनेको देखिन्छ । समाजमा शारीरिक, मानसिक, धार्मिक, वैचारिक उत्पीडन र दमनका कारण महिलालाई उन्मुक्ति मिलेको छैन (किरण, २०६७, पृ. ६४) । यही तथ्य गौँथलीको मौखिक प्रतिरोधमा देखिन्छ ।

गौँथलीले कोर सल्केका हात भन्नुले चामेका हातबाट पटक पटक कुटपिट, शारीरिक तथा मानसिक यातना पाएको भन्ने कुरा देखिन्छ । छोरीलाई विवाह गरेर घर पठाएपछि आफ्नो दायित्व सकिन्छ भन्ने मनसायले छोरी पन्छाउने माइती पक्ष र जीवनको सबैभन्दा ठुलो निर्णय मानिने विवाहका विषयमा छोरीका इच्छा, चाहना, आवश्यकतालाई प्राथमिकता नदिने सामाजिक वास्तविकताका कारण महिला उत्पीडनमा परेको देखिन्छ । पारिवारिक दायित्व र जिम्मेवारीबाट पन्छिने र छोरीको कर्म त्यसै हुन्छ भन्ने

संस्कृति निर्माण गर्ने पितृसत्ताले महिलामाथि अन्याय गरेको छ। "स्त्रीहरूको लागि माथि उठ्ने मार्गहरू बन्द छन्, किनभने उनीहरू केही पनि गर्दैनन्, उनीहरू आफूलाई केही बनाउन पाउनमा असमर्थन छन्"(बुभायर, २०६८, पृ. ११५)  भन्ने भनाइ यहाँ लागु भएको छ। पितृसत्ताको सहायक प्रभाव भनेको पुरुषले स्त्री पक्षका पुरुषलाई पनि कम आँक्नु र आलोचना गर्नु वा होच्याउनु पनि हो। महिलाका पक्षका बाबुआमा, दाजुभाइ सबैले नै यस्तो लाञ्छाना र हेपाइ सहनुपरेको देखिन्छ, जस्तै –

"राँडले आफ्नो बाबु त खुब धनाढ्य छ भनि ठानेकी होली। गाउँलेको हलो नजोते साँझ–सबेर खान पुग्दैन, माइतीको धाक लगाउँछे (ऐ.ऐ. पृ. ४५) " भनेर एक लात्ती फेरि कस्यो।

माथिको उदाहरणमा गौँथलीलाई चामेले माइतीको नाम लिएर हिँसा गरिरहेको छ। गौँथलीले यातना सहनुपरेपछि अति भएर आफ्नो लोग्नेलाई कसाइँ र कङ्गाली भनेपछि चामेको रिसले सीमा नाघेको छ र उसले गौँथलीका माइती र विशेष गरी बाबुलाई अपमानजनक शब्द प्रयोग गरेको छ। यहाँ गाउँलेको हलो नजोती विहानबेलुका खान पुग्दैन भन्नुले महिलालाई व्यक्तिगत कमजोरीसँग मात्र होइन, माइतको धर्म, संस्कार, संस्कृति, आर्थिक अवस्थाको विषयमा समेत इङ्कित गरी यातना दिएको पाइन्छ। गौँथलीको चामेप्रतिको आक्रोश, रिस र आवेग थियो तर चामेले आपूmले स्वास्नी कुट्न पाउने अधिकार सम्झिएको यहाँ देखिन्छ।

पितृसत्तामा पुरुषको मुख्य भूमिका र अधिकार हुनाले सामाजिक परिवेशमा श्रीमान् मालिक र श्रीमती दासको दर्जामा देखिन्छन्। दासीमाथि जे गर्ने पनि अधिकार हुन्छ भन्ने सत्तासीन पुरुष चामे आपूm सर्वशक्तिवान् देखिन्छ। खास गरी समाजमा र अन्यत्र केही गर्न नसक्ने निर्बल र निम्छरो पुरुष पनि महिलामाथि भने बलवान् र आक्रामक भएर जाइलाग्छ भन्ने कुरा तलको उदाहरणबाट प्रस्ट भएको छ :

"हिजो स्वास्नी कुट्यो, आज भैंसी कुटेर बहादुरी देखाएको होला...परचक्रीलाई कुट्न सक्ने पो सक्ने, आफ्नी स्वास्नी, किलामा बाँधेको वस्तुलाई कुट्ने के कुट्ने (ऐ.ऐ. पृ. ४६) ?"

माथिको उदाहरणमा चामेले गौँथलीलाई भैंसीबराबर वा पशुतुल्य व्यवहार गरेको देखिन्छ। किलामा बाँधेको भैंसीलाई जसरी बन्धनमा राखिएको छ, ठिक त्यसैगरी श्रीमतीलाई सामाजिक बन्धनमा राखिएको कुरा कोकलेकी आमाको माथिको भनाइले स्पष्ट हुन्छ। बँधुवा भैँसीसमान महिलालाई गरिने पुरुष व्यवहारमा सत्ता र शक्तिको हैकम देखाएको छ। मनुसंहितामा स्त्रीलाई निकृष्ट वस्तु मानेर त्यसलाई बन्धनमा राखिनुपर्ने भनिएको छ (बुभायर, २०६८, पृ. ४०)। यहाँ चामे पात्र आफ्नी श्रीमती र गोठको भैँसीप्रति उसैगरी यातना दिन तत्पर हुन्छ। यसको कारण उसमा रहेको पुरुष वर्चस्व नै  हो। उसले भैसीलाई पनि कुट्नु भनेको परिस्थितिको उपजभन्दा बढी श्रीमतीलाई मैले यसरी नै कुटेको हो भन्ने उसभित्रको पुरुषत्वको भाव र शक्तिको प्रदर्शन गर्नु हो।

पुरुषमा शक्तिसम्पन्न र उच्च हुनुको भाव जागृत भइसकेपछि आवेगमा र विवेकमा दुवैमा उसले महिलालाई सामान्य र दोस्रो दर्जाको नागरिक नै देखेको हुन्छ। चामेले रिसाएको बेलामा मात्र नभई केही समयको अन्तरालपछि पछुताएको बेलामा पनि आफ्नो पुरुष दम्भ अभिव्यक्त गरेको छ। स्वास्नी सामान्य मानिस भएको हुनाले पुरुषले यस्तो मामुली मानिससँग इख राखेर नहुने भन्ने जुठेको भनाइमा पनि यही कुरा देखिन्छ, जस्तै –

''जे भए पनि स्वास्नी जैरीसँग टेक गरेर हुँदैन। कति दिन पानी पँधेरो गरेर बस्ने? भोलि नै लिन जाऊ। (ऐ.ऐ. पृ. ४७)

माथिको उदाहरणमा श्रीमान् श्रीमतिको आपसी झगडापछि गौँथली माइत गएर बसेकी तर गौँथलीलाई लिन नजाने चामेको कुराले पुरुष अहङ्कार र दम्भलाई प्रस्तुत गरेको छ। आफ्नो गल्ती स्वीकार्न सहजै नमान्ने पुरुष वृत्तिलाई चामेको चरित्रबाट प्रस्तुत गरिएकोमा यहाँ जुठेको विवेकपूर्ण सल्लाहमा समेत पुरुषको उच्चताभाव झल्किएको छ। 'स्वास्नी जैरीसँग टेक गरेर हुँदैन' भन्ने भनाइबाट महिलाको सामाजिक स्थान अत्यधिक न्यूनस्तरको रहेको देखिन्छ। महिला कमजोर, लाछी, काम नलाग्ने भएकोले पुरुषको स्तरसँग प्रतिस्पर्धा गर्न नसक्ने हुन्छ भन्ने मूल्याङ्कन समाजले गरेको देखिन्छ। कति दिन पानी पँधेरो गरेर बस्ने ? भन्ने भनाइबाट पानीपँधेरो र घरभित्रको सुसेधन्दामा पुरुषले अलमल गर्न नहुने मान्यता भेटिन्छ। महिलाले मात्र घरायसी धन्दा, चुलोचौको, पानीपँधेरामा सीमित रहनुपर्ने कुरा माथिको भनाइमा स्पष्ट हुन्छ।

नेपाली समाजमा रहेको विवाह र पारिवारिक अवस्थासम्बन्धी विद्यमान परिस्थिति पितृसत्तामा आधारित रहेको र यसको परिणामस्वरूप पुरुषको एकाधिकार कायम भएको कुरा 'परालको आगो' कथामा देखिन्छ। कथाको पात्र चामेले परिवार, श्रम, निर्णय सबैमा हैकम चलाएको छ। उसले आपूmलाई घरको मालिक सम्झनु र सामाजिक रूपमा समेत चामेको व्यवहार स्वाभाविक मानिनु भनेको सामाजिक रूपमा स्वीकृत पुरुष वर्चस्वको प्रमाण मानिन्छ। यसबाट समाजमा व्यक्तिविशेषको नभई संरचनात्मक पुरुष वर्चस्व रहेको र यसका कारण महिलालाई उत्पीडनमा राखिएको स्पष्ट हुन्छ।

**महिला पराधीनता**

नेपाली समाजका महिला सामाजिक गतिविधिमा सरिक हुन पनि स्वतन्त्र रहेका छैनन्। महिलाका खाने, हिड्ने, बोल्ने स्वतन्त्रता नेपाली समाजले दिन नसकेको छैन। 'परालको आगो' कथामा छिमेकमा भएको विवाह हेर्न गई भनेर भात नपकाएको बहानामा चामेले गौँथलीलाई घरेलु हिंसाको शिकार बनाएको छ। यहाँ महिलालाई स्वतन्त्र भएर कुनै कुरामा सरिक हुन वा रमाउन पनि दिइएको छैन। गाउँमा भएको

विवाहमा गएकी गौँथलीलाई जन्तिसँग आँखा झिम्क्याएर बसेकी भनेर चामेले शङ्काको दृष्टिले हेरेको छ, जस्तै –

> दर्कन– दर्कन लागेको बादल भैँमा चामे पिँढीमा धुम्धुम्ती बसेर तमाखु खान लागेको थियो । गौँथली काखीमा गाग्रो च्यापेर आइपुगी । गौँथली ढोकाभित्र बस्न लागेकी थिई, "राँड, दिनभर जन्तिसँग आँखा झिम्क्याएर बसी, यतिबेला स्वाङ् पार्छे ।" भनेर एक लात हिर्कायो । गौँथली ढुन्मुनिदै संघारमा लडी । गाग्रो फुटेर ढोकामा पानी छताछुल्ल भयो । गौँथली खबटाहरू टिपेर आँगनतिर फ्याँक्न लागेकी थी । "मेरा घरमा एकछिन नबस, जहाँ जान्छेस् जा !" भनेर चामेले फेरि गौँथलीको चुल्ठो समाएर घिसार्दै आँगनमा पुर्यायो (मैनाली, २०५७, पृ. ४५) ।

चामे मेलाबाट आउँदा घरमा गौँथली नहुनु, विवाह हेरेर ढिलो आउनु र एक गाग्रो पानी लिएर आउनु, घरमा खानेकुरा पकाउन बाँकी हुनुले चामेले गौँथलीमाथि गाली गलौज मात्र गर्दैन, लात्तीले हिर्काउनु र चुल्ठोमा समातेर घरबाट निकालेको घटनाक्रमले महिला स्वतन्त्रता हनन भएको देखिन्छ । महिलाले आफ्नो रहर, इच्छा, चाहनाअनुरूप डुल्ने, घुम्ने, हेर्ने, मनोरञ्जन लिन पुरुष शक्तिले बन्देज लगाएको देखिन्छ । जन्तिसँग आँखा झिम्क्याएर बसी भन्नुबाट महिलाको चरित्रमाथि पनि आक्षेप लगाएको पाइन्छ । महिलालाई परपुरुषसँग बोल्न, हाँस्न, कुराकानी गरेर बस्न स्वतन्त्रता नदिएको सामाजिक सत्य 'परालको आगो' कथाले देखाएको छ । गाउँसमाजमा, छिमेकमा विवाहको कार्यक्रम चलिरहेको बेलामा थोरै समय विवाह हेर्न जाँदा पनि महिलाले यातना सहेर बस्नुपरेको छ । "पुरुष महिलामाथि बल प्रयोग गर्छन् । पुरुषको भाषा र व्यवहार महिलाप्रति सदा हिंस्रक र आक्रामक हुन्छ । उनीहरू महिलामाथि बलात्कार गर्छन् । महिलालाई अपमानित गर्छन् । यतिसम्म कि महिलाप्रति उनीहरूको दृष्टि÷नजर समेत अश्लील र उग्र हुन्छ" (बुभायर, २०८०, पृ. ४५) । यहाँ खासगरी चामेले थाकेर वा भोक लागेर गौँथलीलाई गालीगलौज र कुटपिट गरेको नभई स्वतन्त्र रूपमा विवाहमा गएर जन्ति वा परपुरुषसँग मस्किई र रमाइलोमा सरिक भई भनेर यसो गरेको हो । महिलालाई शारीरिक र मानसिक हिंसा गर्ने प्रवृत्ति तत्कालीन नेपाली समाजको आम प्रवृत्ति मानिन्छ । कथाको पुरुषले महिलामाथि दमन गर्न बल र बुद्धि दुवैको प्रयोग गरेको छ । यसबाट निर्दोष महिलामाथि पनि पुरुषको दृष्टि गलत भएको कुरा स्पष्ट हुन्छ ।

नेपाली समाजमा महिला र पुरुषबिचको सम्बन्ध असमान प्रकृतिको देखिन्छ । पुरुषमा रहेको शक्ति र स्वतन्त्रताका कारण उसले रोजेर विवाह गर्न पाउँछ तर महिलाले भने बाबुआमाले मारे पााप, पाले पुण्य भनेर दिएका ठाउँमा लोग्नेको अघि लागेर जानुपर्ने वाध्यात्मक अवस्थाका कारण पनि उनीहरू पराधीन र निरीह हुनुपरेको छ । यो निरीहतामा बाबुआमालाई गाली गर्नुबाहेक उसले केही गर्न सकेकी छैन । कथाकी नारी पात्र गौँथलीको आजको अवस्था त्यही परिस्थितिबाट निर्मित भएको देखिन्छ, जस्तै –

> अलिकति आफ्नो विराम थियो, त्यसो हुनाले पहिले लात्ताले हान्दासम्म त गौँथली बोलेकी थिइन तर पछिबाट जब चुल्ठो समात्दै आँगनमा घिसारेर पुर्यायो अनि गौँथलीले मुख छोडी, "कोर सल्केको हात । बाबुआमा राँडाराँडीका आँखा फुटेर कसाईँका हातमा पुम्पे । यस्ता कङ्गाली मोराको जोइ भएर बस्नुभन्दा डुबेर मर्नु जाति (ऐ.ऐ. पृ. ४५) ।"

माथिको उदाहरणमा महिलालाई आफ्नो जीवनसाथी छनौट गर्ने स्वतन्त्रता नभएको र बुबाआमा तथा दाजुभाइको निर्णय नै अन्तिम निर्णय भएको हुनाले त्यसैअनुरूप विवाह गरेकी गौँथलीको पीडा 'बाबुआमाका आँखा फुटेर कसाईंका हातमा सुम्पे' भन्ने भनाइले स्पष्ट पारेको छ । विवाहजस्तो महत्वपूर्ण कार्यका लागि समेत महिलाले स्वनिर्णय गर्न नपाउने अनि महिला अधिकार र स्वतन्त्रताको हनन हुने वातावरण पितृसत्ताले निर्माण गरेको पाइन्छ । "....पुरुषले नै विश्वमा संस्कृति, सभ्यता र सबैखाले मूल्य मान्यता लादेका हुन् । उनीहरूले नै यो सब बनाएका हुन् र उनीहरू नै यो सार्वभौमिकताका प्रतिनिधि पनि हुन्" (बुभायर, २०८०, पृ. ४३) भन्ने भनाइ यहाँ गौँथलीको जीवनमा लागु भएको छ । गौँथली माइत जानुलाई स्वतन्त्र हुनुको भाव वा प्रतिरोध भनेर बुझ्नुभन्दा पनि हिंसाबाट जोगिने वाध्यताका रूपमा बुझ्नु समीचीन हुन्छ ।

'यस्ता कङ्गालसँग बस्नुभन्दा त डुबेर मर्नु जाति' भन्ने गौँथलीको भनाइबाट पुरुष दबदबाको तनाबले बाँच्ने हिम्मत गर्ने, साहसी बन्ने, निर्भिक र निडर हुनुको साटो महिला मृत्यु रोज्न बाध्य हुन्छन् भन्ने वास्तविकता यहाँ देखिन्छ । समाजमा महिलाका लागि प्राकृतिक रूपमा प्राप्त हुने गाँस, बास, स्वास्थ्य, सुरक्षाका अधिकारसम्म पनि सुरक्षित नभएको पाइन्छ, जस्तै –

"मुखाले भएको अलिकति कुटेरै पनि हो क्यारे, चुप लाग ! पोर दशैंमा जुठे दाइले एकचोटी तिमीलाई कसरी कुटेथे ! खोइ त एक वचन फर्कायौ (ऐऐ पृ. ४७) ?"

माथिको कथांशमा 'गौँथली कुटेर मुखाले भएकी' भन्नुबाट महिलालाई श्रीमान्ले जति कुटे–पिटे, अन्याय अत्याचार गरे तापनि चुपचाप सहन गर्नुपर्ने भन्ने मान्यता देखिन्छ । महिलालाई आफूमाथि भएको पीडाप्रति प्रतिकार गर्ने स्वतन्त्रतामाथि समाजले बन्देज लगाएको पाइन्छ । श्रीमान्लाई श्रीमतीले भगवानसरह सम्मान गर्नुपर्छ तर श्रीमान्ले श्रीमतीलाई कुटपिट, गालीगलौज जे गर्ने पनि अधिकार पाएको हुन्छ भन्ने मान्यता पितृसत्ताले निर्माण गरेको छ । महिलाले सँधै अपमानित हुनुपर्ने र पुरुषको परधीन भएर बाँचुपर्ने अवस्थालाई 'परालको आगो' कथाले प्रस्तुत गरेको छ । यस कथाले तत्कालीन नेपाली समाजको दाम्पत्य जीवनको वास्तविकतालाई प्रस्तुत गरेको छ (शर्मा, सन् २०२२, पृ. २०८ । यस्तो दाम्पत्य जीवन पितृसत्ताका मान्यताहरूले जकडिएको छ र यसमा स्वतन्त्र र परतन्त्र, अधीन र पराधीन जस्ता विषय पुरुष

महिलाका लागि छुट्टाटुट्टै रूपमा निर्मित भएका छन् । यसैको फलस्वरूप महिला परतन्त्र वा पराधीन बनेको सामाजिक परिस्थिति कथामा चित्रित भएको छ ।

पितृसत्तालाई समाजमा पुरुष र महिला दुवैले सकारेको अवस्था देखिन्छ । लोग्नेको कुटाइलाई सामान्य रूपमा लिने जुठेकी स्वास्नीले आफ्ना लोग्नेले पनि उमेरमा हदैसम्मको यातना दिएको तर आपूmले सहेर बसेको खुलासा गरेकी छे । तलको कथांशबाट यस कुरालाई अझ प्रस्ट पारिएको छ :

> “अँ ... एकचोटि भन्छौ, अहिले पो भक्त भैरहेछन्, अघि अघि त नकुटेको दिनै हुँदैन थियो । बेलुका भोटे गाउँतिरबाट जाँड खाएर आए अनि एउटा निउँ झिकेर कुट्न थाल्थे, झन् चाडबाडको दिनमा त के भन्नू ! दुई चार दिन झरी–बादल भो कि आजकल पनि जिउ दुख्छ । तर आफूले यो उमेर भो, कहिल्यै मुख फर्काएको थाहा छैन (ऐ.ऐ., पृ. ४७) ।

माथिको उदाहरणमा चामेले मात्र नभई जुठेले पनि उसकी स्वास्नीलाई बारम्बार यातना दिएको र शारीरिक हिंसा गरेको कुरा देखिन्छ । पुरुष आफू स्वतन्त्र र हैकमवादी भएको हुनाले उसले विभिन्न बहानामा स्वास्नीलाई हिंसामा पारेको र यस क्रममा जाँड खाएर आएर स्वास्नी कुट्ने कार्य गरेको देखिन आउँछ । महिला र पुरुषमा समन्याय नभएको कारण पितृसत्तात्मक समाजमा महिलामाथि हुने हिंसा र अधीनस्थता मूल रूपमा रहेको हुन्छ (भट्टराई, २०७७, पृ. ६) । पुरुष अधीनस्थताका कारण महिला वर्ग पीडामा परेका छन् । महिला पराधीन भएकै कारणले कथाका महिला पात्रले शारीरिक, मानसिक र संरचनात्मक तीनै प्रकारका हिंसाको सिकार बन्नु परेको यहाँ देखिन्छ । जुठेले उसकी स्वास्नीलाई कुनै न कुनै निहुँ निकालेर दैनिक जसो कुटेर जुठेकी स्वास्नीको स्वास्थ्य नै कमजोर बनेको छ र यसका कारण अहिले पनि चिसो मौसम वा झरीबादल भएपछि शरीर वा जोर्नीहरू दुख्ने गरे पनि ऊसले त्यसको परवाह नगरी आफूले मुख नफर्काएर सहनशीला बनेकोमा गर्व गरेकी छे । यसबाट पितृसत्ताको पक्षपोषणमा पुरुष मात्र नभई महिलाको पनि भूमिका रहेको स्पष्ट हुन्छ ।

गौँथलीले माइत बस्दा घाँसदाउरा गर्न जाँदा जङ्गलमा गाएको गीतबाट पनि उसमा रहेको विरह र पीडाको अवस्था झल्किएको छ । “उडीजाऊँ भने म पन्छी होइन, बस्न त मन छैन” (ऐ.ऐ, पृ. ४७) बोलको गौँथलीले गाएको गीतमा चराजस्तै उड्ने अभिलाषा वा स्वतन्त्र हुने आकाङ्क्षा देखिन्छ । सामाजिक रूपमा बन्धनमा रहेर अनेक यातना सहेर जीवन जिउनुपर्ने अवस्थामा उसले वनमा स्वतन्त्रताको खातिर मनको विरह पोखेको यहाँ देखिन्छ । उसलाई सामाजिक, सांस्कृतिक दबाब र तनाबका कारण समाजमा बस्न मन नभएको कुरा देखिन्छ । यसबाट महिलालाई सामाजिक, आर्थिक, सांस्कृतिक, संस्कारजन्य कुराले नराम्रोसँग जगडेको कुरा स्पष्ट भएको छ । पुरुष सत्ता र शक्तिले महिला उत्पीडित भएका छन् र उनीहरू स्वतन्त्र र मुक्त हुन चाहन्छन् तर समाजले निषेधित गरिदिन्छ । यहाँ नारी र पुरुषबिचको लैङ्गिक सम्बन्ध

सत्ता र शक्ति वितरणमा निर्भर रहने कारण महिला र पुरुषको स्थितिमा संरचनागत विभेदको पुनर्उत्पादन भएको छ । गौँथलीमा चामेप्रतिको वितृष्णा र निर्मोह भए पनि अन्ततः चामेसँग पछिपछि लागेर जानुले पनि पुरुषशक्तिका अगाडि महिलाको बाध्यात्मक समर्पण देखिन्छ ।

माथिका उदाहरणहरूबाट के प्रस्ट हुन्छ भने समाजमा विद्यमान परम्परागत सामाजिक संरचना, पतिको घर, नाता सम्बन्धको सेवासत्कार, आर्थिक अभाव, धार्मिक प्रभुत्व आदि महिला शोषण र उत्पीडनका आधार रहेका छन् । यस्ता आधारले गर्दा महिलाहरू स्वतन्त्र रूपले जीवन जिउन सकेको र उनीहरूले पराधीन अवस्थाको र पुरुषनियन्त्रित जीवन बाँच्नुपरेको स्पष्ट हुन्छ ।

कथाकारले यहाँ गौँथलीलाई मुखाले स्वभावकी र सोझो कुरा गर्दा पनि बङ्ग्याएर निहुँ खोज्ने पात्रका रूपमा लिनु (शर्मा, सन् २०२२, पृ. २११) भनेको पितृसत्ताको प्रभाव लेखकमा पनि विद्यमान रहेको सङ्केत हो । कथाकारको वर्णनमा यहाँ गौँथलीलाई नै दोषी देखाउन खोजिएको छ । एकातिर गौँथलीलाई सहनशील नारीका रूपमा नभई मुखाले र निहुँ खोज्ने पात्रका रूपमा र अर्कोतिर चामे लिन गएपछि उसैको अघि लागेर घर फर्किने पात्रमा रूपमा स्थापित गरिएको छ । यसरी समाज र यसको उत्पादनका रूपमा रहेको लेखक पनि पितृसत्ताको प्रभावबाट बाहिर आउन नसकेको स्पष्ट हुन्छ ।

## निष्कर्ष

'परालको आगो' कथामार्फत नेपाली समाजको पुरुषप्रधान संरचना र पुरुषको हैकमका कारण महिला दमन र शोषणमा परेको देखाइएको छ । नेपाली समाजमा पितृसत्ताका कारण महिला वर्ग दमन र शोषणमा परेका छन् । पुरुष सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक सबै पक्षमा शक्तिवान् भएका कारण यस्तो भएको हो । 'परालको आगो' कथाको चामे पितृसत्ताको प्रतिनिधिका रूपमा सामान्य कुरामा पनि श्रीमतीलाई कुटपिट गर्दछ । सामान्य भनाभनमा स्वास्नीले प्रतिवाद गरेको भनेर उसले कुटपिट गर्नुले महिलाले मौन भएर पितृसत्ताको सबै प्रकारको दमन सहेर बस्नुपर्ने यथार्थलाई देखाउँछ । गौँथलीमा सहनशीलता भए पनि उसले अति भएपछि प्रतिवाद गर्दा पिटाइ खानुपरेको छ । गाउँमा विवाह भएको हुनाले विवाह हेर्न गएर आउँदा केही ढिलो भएकोमा पनि चामेले परपुरुषसँग आँखा झिम्क्याएर र वा छिल्ल्एिर बसेको भनेर अनावश्यक शङ्का गरेको छ । यसरी सामाजिक, तथा सांस्कृतिक मूल्यमान्यताले पुरुषलाई उच्च स्थान दिएको कारण कथाको पुरुषका हातमा केन्द्रित सत्ता र शक्तिले महिला सामाजिक रूपमा उत्पीडनमा परेको र घरेलु हिंसामा परेको चित्रणमार्फत नेपाली समाजको पुरुषकेन्द्री सामाजिक संरचना र यसमा महिलाहरूले शारीरिक र मानसिक चोट सहन बाध्य हुनुपर्ने तत्कालीन परिस्थिति प्रस्ट भएको छ । अतः चामे र गौँथलीका एकअर्काका व्यक्तिगत कमजोरीका कारण लोग्नेस्वास्नीका बिचमा झगडा भएको नभई यो झगडा र चामेका गतिविधि पितृसत्तात्मक सामाजिक उत्पादनका रूपमा यहाँ देखापरेको छ ।

## सन्दर्भग्रन्थसूची


एङ्गेल्स, फ्रेडरिक (२०७५), *परिवार, निजी स्वामित्व र राज्यको उत्पति,* प्रगति पुस्तक सदन ।

किरण, मोहन वैद्य (२०६७), *मार्क्सवादी दर्शन,* भुँडीपुराण प्रकाशन ।

बुभायर, सिमोन द (२०६८), *महिला,* (अनु. रमेश सुनुवार), प्रगति पुस्तक सदन ।

भट्टराई, रमेशप्रसाद (२०६८), लैङ्गिक समालोचना, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड),* (पृ. २५९–२७४) रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७७), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* भुँडीपुराण प्रकाशन ।

भासिन, कमला (सन् २०००), *अन्डरस्ट्यान्डिङ जेन्डर,* काली फर उमन ।

मैनाली, गुरुप्रसाद (२०५७), *नासो* (सोह्रौँ संस्क.), ताना शर्मा (सम्पा.), अम्बिकाप्रसाद मैनाली ।

रिड, एभलिन (२०५७), *महिला मुक्ति आन्दोलनका सम्बन्धमा,* (अनु. मुरारी अर्याल), सिर्जनशील प्रकाशन समूह ।

लर्वर, जुडिथ (सन् २००५), *जेन्डर इनइक्वालिटी : फेमिनिस्ट थियोरिज एन्ड पोलिटिक्स* (तेस्रो संस्क.), रक्सवरी पब्लिसिङ हाउस ।

लुकाज, जर्ज (सन् २००५), *इतिहास और वर्ग चेतना,* (अनु. नरेश नवीन), प्रकाशन संस्थान ।

शर्मा, बालकृष्ण (सन् २०२२), 'परालको आगो' कथाको समाजशास्त्रीय विश्लेषण, *इन्टरडिसिप्लिनरी जर्नल अफ म्यानेजमेन्ट एन्ड सोसल साइन्सेस, ३*(१) , २०७ -२२० ।

Gramsci, A. (1971). *Selection from the prison notebook of Antonio Gramsci.* Quintin Hoare & Geoffrey Nowell Smith (Eds.). International Publishers.